# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, जेठ १८ गते, २०७४ साल (संख्या ९


## भाग ४

नेपाल सरकार

### सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सूचना

नेपाल सरकारले विराटनगर उपमहानगरपालिका र वीरगञ्ज उपमहानगरपालिकाको विद्यमान वडा सङ्ख्या तथा सिमानामा कुनै हेरफेर नहुने गरी उक्त उपमहानगरपालिकाहरुलाई महानगरपालिका घोषणा गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**दिनेशकुमार थपलिया**
**नेपाल सरकारको सचिव**


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ५

नेपाल सरकार

## गृह मन्त्रालयको सूचना

नेपाल सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी काभ्रेपलाञ्चोक जिल्लाको नमोबुद्ध नगरपालिका वडा नं. ४ स्थित मेथिन कोटमा मिति २०७४।०१।३० मा भएको घटनाको सम्बन्धमा सत्यतथ्य पत्तालगाई भविष्यमा यस्तो अनपेक्षित घटना हुननदिन अपनाउनु पर्ने सतर्कताको सम्बन्धमा सुझाब/सिफारिश सहितको प्रतिवेदन कार्य शुरु भएको एक महिनाभित्र पेश गर्ने गरी देहायबमोजिम जाँचबुझ आयोग गठन गरेकोले सोही दफाको उपदफा (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ :-

१. अध्यक्ष श्री गोविन्दकुमार श्रेष्ठ, तत्कालीन पुनरावेदन अदालतका न्यायाधीश, काठमाडौं

२. सदस्य श्री हेमन्त मल्ल, पूर्वप्रहरी नायव महानिरीक्षक, नेपालप्रहरी, काठमाडौं

३. सदस्य श्री अर्जुन कुमार के.सी, पूर्व अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग, ललितपुर

**आज्ञाले,**
**लोकदर्शन रेग्मी**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।